पत्र संख्याः ०८१/०८२
च. नं :

मितिः २०८१|१०|२७
ने.सं.: ११४५ सिल्लाथ्व १२ आइतबार

**माग सङ्कलन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः२०८१/१०/२८

आवेदन पेश गर्ने अन्तिम मितिः २०८१/११/०४

प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा कनकाई नगरपालिकामा मकै खेती प्रवर्द्धन कार्यक्रमबाट तपशिल बमोजिमका कृषि सामग्रीहरुमा अनुदान प्रदान गरिने भएको हुँदा यस नगरपालिका भित्रका इच्छुक कृषकहरुले निम्न कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (२०८१/११/०४ गते सम्ममा) सम्बन्धीत वडा कार्यालयमा कार्यालय समय भित्र तोकिएको ढाँचामा माग निवेदन पेश गर्न सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क.स. | विवरण | अनुदान प्रतिशत | प्राथमिकता | कैफियत |
|---|---|---|---|---|
| १ | **सिचाई मोटर** (२HP क्षमताको irrigation water pump) | ५० | यस अघि सिंचाई मोटरको लागि कतैबाट कुनै अनुदान प्राप्त नगरेको, मकै खेती गरिरहेको, खेतबारी नजिक विद्युतको पहुँच भएको, आफ्नो निजि मोटर नभएको, डिजेल ईन्जिन भएका कृषकलाई प्राथमिकता दिइनेछ | |
| २ | **मकै छोडाउने औजार** (२ HP क्षमताको मोटर भएको खोसेला नङ्गाएर छोडाउने औजार) | ५० | १ विघा भन्दा कम मकै खेती गर्ने, यसै मकै खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा रामपुर कम्पोजिट जातको मकैको बीउ उत्पादन गरिरहेका किसानलाई प्राथमिकता दिइनेछ | |
| ३ | **मकै रोप्ने साना औजार** (Zap planter) | ५० | १ विघा सम्म मकै खेती गर्ने कृषकहरुलाई प्राथमिकता दिइनेछ | |

कृषि शाखा प्रमुख

पत्र संख्याः ०८१/०८२ मितिः २०८१।१०।२७

च. नं : ने.सं.: ११४५ सिल्लाथ्व १२ आइतबार

**<u>निवेदन सहित पेश गर्नुपर्ने आवश्यक कागजातहरु:</u>**

१. माग निवेदन
२. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
३. जग्गा धनीपुर्जाको प्रतिलिपी/ लिजमा लिएको कागजात/ऐलेनी जग्गाको हकमा नगरपालिकावाट प्राप्त निस्सापत्रको प्रतिलिपी।
४. आ.व. २०८१/८२ सम्म नगरपालिकामा बुझाउने पर्ने मालपोत/भुमिकर/सम्पतिकर तिरेको प्रमाणित विल।

थप जानकारीको लागि कृषि विकास शाखाः९८४५५८२२५४, ९८६८५२३७०१/९८१४९९१५५९

कृषि शाखा प्रमुख